# हदबन्दी छुटमा पतञ्जलीलाई...

श्रेष्ठले मन्त्रिपरिषद्मा पेस गरेको प्रस्तावमै प्रधानमन्त्री नेपालबाटै प्रस्ताव ल्याउन निर्देशन प्राप्त भएको उल्लेख छ।

हदबन्दी छुटमा खरिद गरेको जग्गा बेच्न अनुमति माग्दै पतञ्जली नेपालका अध्यक्ष सिंहले १७ फागुन २०७६ मा मन्त्री श्रेष्ठलाई सम्बोधन गरी निवेदन दिएका थिए। मन्त्रालयका तत्कालीन उपसचिव हर्षेन्द्रमणि केसीले टिप्पणी उठाएर अघि बढाएको फाइल चरणबद्ध रूपमा सदर गर्दै सचिव पन्त, मन्त्री श्रेष्ठ हुँदै मन्त्रिपरिषद्मा पुगेको थियो। जग्गा बिक्रीका लागि स्वीकृतिसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पठाउन उठाइएको फाइलमा मन्त्रालयका सचिव पन्तले 'पेस भएबमोजिम उचित निर्णयार्थ पेस गरेको छ' भन्दै मन्त्री श्रेष्ठलाई पठाएका थिए।

१ चैत २०६६ मा पठाइएको उक्त प्रस्ताव सदर गर्दै मन्त्री श्रेष्ठले रायसहित लेखेको टिप्पणीमा 'निवेदकको मागबमोजिम जग्गा बेचबिखन गरी सट्टापट्टा गर्न स्वीकृतिका लागि सम्माननीय प्रमञ्जुवाट प्रस्ताव ल्याउन मौखिक रूपमा निर्देशन दिएको हुँदा सोअनुसार मन्त्रिपरिषद्मा पेस गर्न स्वीकृत' भनी उल्लेख छ। त्यसकै आधारमा ६ चैतको मन्त्रिपरिषद्ले गरेको निर्णयमा भनिएको छ, 'पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई हदबन्दीभन्दा बढी जग्गाको बेचबिखन गरी सट्टाभर्ना गर्न स्वीकृत दिने।'

हदबन्दी छुटमा खरिद गरेको जग्गा बेच्न अनुमति माग्दै पतञ्जलीले निवेदन दिएपछि उक्त निवेदन कानुनबमोजिम छ/छैन भनेर जिल्ला मालपोत कार्यालय र भूमिसुधार विभागबाट राय लिनुपर्ने भए पनि मन्त्रालयले 'माथिबाटै' निर्णय लिएको थियो। पछि निर्णय कार्यान्वयनका लागि मात्र मालपोत कार्यालय र भूमि व्यवस्था विभागलाई निर्देशन दिइएको थियो।

मन्त्रालयका एक अधिकारी भन्छन्, 'विभागमा कसैले यस्तो निवेदन दिएकै भरमा मन्त्रालयबाटै निर्भे निर्णय प्रक्रियामा लैजानु गैरकानुनी र पदीय दुरुपयोग हो।' यस्ता विषय कतैबाट आएमा जिल्लास्थित मालपोत कार्यालयलाई पठाएर त्यहींबाट प्रक्रियागत रूपमा आउनुपर्नेमा पतञ्जलीका हकमा यो विधि र प्रक्रिया नअपनाइनु सरासर गैरकानुनी र बदनियत देखिएको ती अधिकारीको भनाइ छ।

मन्त्रिपरिषद्ले जग्गा बिक्रीका लागि स्वीकृति दिएकै दिन तत्कालीन मुख्यसचिव धिमिरेले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न सचिव पन्तलाई सम्बोधन गरी पत्र मन्त्रालयमा पठाएका थिए। पत्र आएलगतै सचिव पन्तले उपसचिवमार्फत भूमिसुधार विभागलाई पत्र लेखी मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न भनेका थिए।

तर, मन्त्रिपरिषद्को निर्णय कानुनविपरीत भएको भन्दै विभागका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाले 'कार्यान्वयन गर्न नसकिने' भन्दै फाइल मन्त्रालयमै फर्काइदिएका थिए। पछि २६ चैतमा मन्त्रिपरिषद्ले पुनः अघिल्लो निर्णय कार्यान्वयन गर्न ताकेता गरेको थियो। त्यस्तै मन्त्रिपरिषद्को निर्णयमा चुनौती दिएको आरोप लगाउँदै बानियालाई २७ चैतमा जिम्मेवारीबाट हटाइएको थियो। उनको सट्टा अर्को सहसचिव जितबहादुर थापालाई भूमिसुधार विभागको महानिर्देशक बनाइएको थियो। विभागमा हाजिर भएकै दिन थापाले पतञ्जलीको चाहनाअनुसार जग्गा बिक्री प्रक्रियालाई अघि बढाउने निर्णय गरेका थिए।

डेढ दशकअघि भएको यो जग्गा अपचलन प्रकरणबारे कान्तिपुरले ६ असार २०८१ मा खोजपूर्ण समाचार लेखेको थियो। समाचार सार्वजनिक भएपछि प्रतिनिधिसभाको सार्वजनिक लेखा समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलगायत संयन्त्रबाट अनुसन्धान अघि बढेको थियो।

गैरकानुनी निर्णय प्रक्रियामा सामेल भएर हदबन्दी छुट जग्गा बेचबिखन गराउने 'मुख्य निर्णयाधिकारी' का रूपमा तत्कालीन प्रधानमन्त्री नेपालसँग अख्तियारले बयान लिएको छ। अख्तियार स्रोतका अनुसार सोधपुछका क्रममा पूर्वप्रधानमन्त्री नेपालले 'मन्त्रिपरिषद्को निर्णय अख्तियारको क्षेत्राधिकारभित्र नपर्ने र मन्त्रालय तथा विभाग नै यसमा जिम्मेवार रहने' बयान दिएका छन्।

अख्तियारले टंगालस्थित कार्यालयमै बोलाएर गत चैत तेस्रो साता पूर्वप्रधानमन्त्री नेपालसँग बयान लिएको हो। यस प्रकरणमा मुछिएका तत्कालीन सचिव पन्त, पतञ्जली नेपालका प्रमुख शालिग्राम सिंहलगायतका आरोपितलाई पनि अख्तियारमै बोलाएर बयान लिइसकिएको छ। सबै आरोपितसँग बयान लिइसकेकाले अख्तियारले पतञ्जली प्रकरणमा मुद्दा दायर गर्ने तयारी थालेको छ। तत्कालीन भूमिसुधारमन्त्री श्रेष्ठको भने अनुसन्धान दायरामा रहेकै बेला ३० असोज २०८१ मा निधन भइसकेको छ।

बालुवाटारस्थित ललिता निवास जग्गा प्रकरणमा जोडिएका मन्त्रिपरिषद्, मन्त्रालय र भूमि प्रशासनका केही उच्च अधिकारी नै पतञ्जलीको हदबन्दी छुट जग्गा अपचलन प्रकरणमा पनि जोडिएका छन्। तत्कालीन प्रधानमन्त्री नेपाल ललिता निवास प्रकरणमा मुछिए पनि उनीमाथि मुद्दा दायर भएको छैन। उनलाई दिइएको उन्मुक्तिविरुद्ध परेको रिट अहिले पनि सर्वोच्च अदालतमा विचाराधीन छ। मन्त्रिपरिषद्बाटै भएको अर्को अनियमितता पतञ्जली प्रकरणमा पनि नेपाल मुख्य निर्णयकर्ताका रूपमा देखिएका छन्।

पूर्वसचिव शारदाप्रसाद त्रितालको भनाइमा यी सरासर भ्रष्टाचार हो। 'प्रधानमन्त्रीले मन्त्रीलाई यो प्रस्ताव यसरी ल्याउनू भनी गैरकानुनी रूपमा हस्तक्षेप र दबाब दिएको तथ्य नै भ्रष्टाचार मुद्दा दायरका लागि प्रमाण हो,' उनी भन्छन्, 'हदबन्दी छुट जग्गा बिक्री गर्न दिने गरी प्रस्ताव ल्याउनु भनेर प्रधानमन्त्रीले निर्देशन दिएको विषय विभागीय मन्त्रीले मन्त्रिपरिषद्मा पेस गरेको निर्णयमै उल्लेख छ भने मुख्य निर्णयाधिकारीलाई प्रतिबादी बनाउन योभन्दा अर्को प्रमाण के चाहिन्छ ?'

ललिता निवासमा पनि सरकारी जग्गा हिनामिना गर्ने मुख्य निर्णयाधिकारीलाई चोख्याएर मुद्दा लगिएको थियो। 'त्यो नियति पतञ्जलीमा नदोहोरियोस्, त्यही नियति दोहोरिएमा शासन-सत्तामा बस्नेले जति पनि गैरकानुनी काम गर्न, मुद्दा भने कर्मचारीमाथि मात्र लाग्ने कथन स्थापित हुन जान्छ,' उनी भन्छन्।

पतञ्जली प्रकरणमा अनियमितता छानबिनका लागि कात्तिक २०८० मा सरकारले मन्त्रालयका कर्मचारी तहमा समिति बनाए पनि प्रतिवेदन अझै गोप्य राखिएको छ। नेपालमा पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी गैरनाफामूलक ट्रस्टका रूपमा दर्ता छ। २० पुस २०६४ मा कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता पतञ्जली योगी रामदेव, बालकृष्ण आचार्य, शालिग्राम सिंह, राजेन्द्र सिंह र उमेश सरोफ सञ्चालक छन्। कम्पनीको हर्ताकर्ता रूपमा शालिग्राम सिंहले काम गर्दै आएका छन् भने २०६६ मा हदबन्दी छुटमा जग्गा किन्दा र बिक्री गर्दा उनीमार्फत नै कारोबार भएको देखिन्छ।

# मुस्ताङको कान्छो गाउँ बन्यो 'नयाँ साम्जोङ'

## पानी सुकेर खेतीपाती नै हुन छाडेपछि १८ परिवारको बस्ती नै स्थानान्तरण

**घनश्याम खड्का** (लोमन्थाङ, मुस्ताङ)



कालीगण्डकी करिडोरअन्तर्गत लोमन्थाङ-कोरला खण्डको छोसे परिषद्ि नाम्जुङ खोला बगरमा उस्तै आकार र रङका घर लस्करै देखिन्छ। यी परम्परागत मुस्ताङी घरभन्दा फरक छन्। परम्परागत घर र गुम्बामा माटोको छाना हुन्छ, यहाँ भने जस्तापाताका छाना छन्।

लोमन्थाङ-२ स्थित नाम्जुङ खोला बगरमा बसेको बस्तीको नाम हो, 'नयाँ साम्जोङ'। यो मुस्ताङको कान्छो गाउँ पनि हो। यहाँ लोमन्थाङ-२ मै पर्ने साम्जोङबाट १० वर्षअघि बसाईं सरेर आएकाहरूले बस्ती बसाएका हुन्। यहाँ १८ परिवारको बसोबास छ। पूर्वमुस्ताङी राजा जिग्मे पलबर बिष्ट, लामा नवाङ कुट्टुमा बिष्ट र स्वेस फोटो पत्रकार म्यानुअल बाउरको समन्वयमा साम्जोङबासीका लागि नाम्जुङको बगरमा बस्ती बसाइएको हो।

साम्जोङ गाउँ पहिले पेमरा खोला किनारमा थियो। पेतो, नापिङजुङ र सेन्जा फाँटमा उत्पादन हुने उवा, फापर, आलु, तोरी बालीको उत्पादनले सबैलाई खान पुग्थ्यो। खोलामा पानी सुकेपछि समस्या भयो। त्यसपछि त्यहाँका बासिन्दा नाम्जुङ खोला बगरमा सरेका हुन्। उनीहरू अहिले बसोबास गरेको जमिन केही मुस्ताङी पूर्वराजाको हो भने केही सरकारी पर्ती पर्छ।

पेमरा खोलामा पानी सुकेपछि बाध्य भएर नाम्जुङ खोलाको बगरमा सर्नुपरेको ४१ वर्षीया युक गुरुङले सुनाइन्। 'साम्जोङमा खोलाको मुल सुक्यो, खर्हेरीले अन्नबाली भएन। भोकमरी फैलियो। खुब कष्ट भयो। पछि मुस्ताङका पूर्वराजा, लामा कुट्टुमा र विदेशीले यहाँ घर बनाइदिएपछि हामीले पुरानो साम्जोङ गाउं छाड्यौं,' उनले भनिन्, 'यहां पानी त प्रशस्त छ, तर आफूनो जमिन छैन। बसेकै ठाउंको पनि लालपुर्जा छैन।'

साम्जोङबासीले बसाईं सर्नुअघि स्विस भूगर्भविद् र जलवायुविज्ञको सहयोगमा ड्रिल गरी पानीको स्रोत खोज्ने, जलाशय बनाएर सुक्खायाममा खेतमा सिंचाइ गराउने र पाइपलाइनबाट पानी ल्याउने प्रयास गरिएको थियो। तर ती प्रयास सफल नभएपछि बसाईं सारिएको हो। लोमन्थाङ-२ का बडाध्यक्ष कर्म नाम्ग्याल गुरुङका अनुसार हिमपातको कमीले जलभण्डारण मासिएकाले साम्जोङमा खेती हुन छाडेको छ। साम्जोङबासीको आम्दानीको अर्को स्रोत च्याङ्ग्रापालन हो। 'उनीहरू दसै-तिहारमा च्याङ्ग्रा बेचेर आम्दानी गर्थे तर चरन अभाव हुन थालेपछि च्याङ्ग्रा पाल्ने पनि घटे,' बडाध्यक्ष गुरुङले भने।

लोमन्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले जलवायु परिवर्तनले विशेष गरी उपल्लो मुस्ताङमा असर गरेको बताए। उनले जलवायुमैत्री कृषि प्रणाली अवलम्बन गर्न थालिएको जानकारी दिए। 'खासगरी जलवायुमैत्री कृषि प्रणाली (प्लास्टिक टनेलमा तरकारी खेती गर्ने, मिनीटेलरबाट खनजोत गर्ने, मेसिन लगाएर बाली काट्ने) अवलम्बन गर्न थालिएको छ। गुर्दो वा कोंडाको दाउराको विकल्पमा विद्युतीय ऊर्जा प्रयोग गर्न थालिएको छ,' उनले भने, 'बालुवा नै बालुवा भएको मुस्ताङका खोला, खोल्सीमा वृक्षरोपण थालिएको छ।'

# भारत-पाकिस्तान युद्धविराम...

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले युद्धविरामका लागि गरेको पहलप्रति अमेरिकी राष्ट्रपति ट्रम्प, उपराष्ट्रपति जेडी भेन्स र विदेशमन्त्री रुबियोलाई धन्यवाद दिएका छन्। उनले 'एक्स' मा लेखेका छन्, 'यसलाई पाकिस्तानले क्षेत्रीय शान्ति र स्थायित्वको हितमा स्वीकार गरेको छ।'

भारतको जम्मु-कश्मीर राज्यको पहलगाममा २२ अप्रिलमा आतंकवादी समूहले गरेको हमलामा एक नेपालीसहित २६ पर्यटकको ज्यान गएको थियो। त्यस घटनालगतै भारतले पाकिस्तानीका लागि भिसा रद्द गरेको थियो भने सिन्धु जल सन्धिलाई निलम्बन गरेको थियो। दिल्लीमा रहेका पाकिस्तानी सुरक्षातर्फका कूटनीतिक अधिकारीलाई भारत छाड्न भनिएको थियो। जवाफमा पाकिस्तानले पनि भारतीय जहाजका लागि आफ्नो हवाई रुट बन्द गरेको थियो भने भारतीय कूटनीतिज्ञलाई देश छाड्न निर्देशन दिएको थियो।

पहलगाम घटनामा जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गरेको भारतले बुधबार बिहान १ बजेर ५ मिनेटमा पाकिस्तानका विभिन्न स्थानमा हवाई आक्रमण गरेको थियो। भारतले त्यसलाई 'अपरेसन सिन्दूर' नाम दिएको थियो। यसबाट आतंककारी मारिएको दावी गरिरहँदा पाकिस्तानले भारतको हमलामा सर्वसाधारणको मृत्यु भएको र त्यसमा महिला एवं बालबालिका पनि परेको दावी गरेको थियो। भारतले पाकिस्तानको सार्वभौमसत्तामाथि धावा बोलेको भन्दै पाकिस्तानले आफ्ना सेनालाई भारतविरुद्ध कारवाहीमा उत्रिन आदेश दिएको थियो। पाकिस्तानी सेनाले गोलीवाहीमा गर्दा भारततर्फ कम्तीमा १६ जनाको मृत्यु भएको थियो। पाकिस्तानले बिहीबार साँझ भारतका विभिन्न स्थानमा करिब ४ सय ड्रोन आक्रमण गरेको तर सबैलाई निस्तेज पारिएको भारतीय सैन्य अधिकारीहरूको दावी थियो। पाकिस्तानले भने ड्रोन आक्रमण नगरेको दावी गरेको थियो।

पाकिस्तानले शनिवार बिहान १ बजेर ४० मिनेटमा पञ्जाबको सैन्य अड्डामा तीव्र गतिको मिसाइल प्रहार गरेको र त्यसलाई निष्किय पारिएको भारतले शनिवार बिहानको 'प्रेस ब्रिफिङ'मा दावी गरेको थियो। पाकिस्तानका तर्फबाट २६ स्थानमा गरिएको हवाई घुसपैठलाई निस्तेज पारिएको पनि भारतीय कर्णेल सोफिया कुरैशीले दावी गरेकी थिइन्। पाकिस्तानका तर्फबाट गरिएको गोलीवारीबाट शनिवार जम्मु-कश्मीर प्रशासनका एक सरकारी अधिकारीको मृत्यु भएको भारतीय पक्षले पुष्टि गरेको छ।

अर्कातिर भारतीय सेनाले पाकिस्तानको सैन्य हवाई अड्डामा हमला गरेको पाकिस्तानी सेनाले दावी गरेको थियो। भारतका तर्फबाट तीन सैन्य हवाई अड्डामा हमला गरिएको र त्यसलाई पाकिस्तानको हवाई प्रतिरक्षा प्रणालीले खसालेको पाकिस्तानी सेनाका प्रवक्ता लेफ्टिनेन्ट जनरल अहमद सरिफ चौधरीले बताएका थिए। पाकिस्तानले शनिवार साँझै 'अपरेसन बुन्यान अल-मर्सुस' घोषणा गरेको थियो। पाकिस्तानका तर्फबाट गरिएको गोलीवारीबाट शनिवार जम्मु-कश्मीर प्रशासनका एक सरकारी अधिकारीको मृत्यु भएको भारतीय पक्षले पुष्टि गरेको छ।

दुवै मुलुकले युद्धविरामका सहमति भएको घोषणा गरे पनि शनिवार साँझै नै भारत प्रशासित श्रीनगरमा विस्फोट सुनिएको सञ्चारमाध्यमले उल्लेख गरेका छन्। हवाई आक्रमणको भिडियो जम्मु-कश्मीरका मुख्यमन्त्री ओमर अब्दुल्लाह नै 'एक्स' मा राखेका थिए। विस्फोट हुने थोलेलगतै सीमावर्ती भारतका केही स्थानमा 'ब्लाकआउट' गरिएको थियो। शनिवार राति दुवैतर्फ ड्रोन हमला र गोलाबारी चलेको सञ्चारमाध्यमले जनाएका छन्।

नयादिल्लीमा विदेश सचिव मिश्रीले राति ११ बजेपछि पत्रकार सम्मेलन गर्दै केही घण्टामै सहमति उल्लंघन गरिनुलाई गम्भीरतापूर्वक लिइएको जनाएका छन्। भारतीय सुरक्षा फौजले त्यसको उपयुक्त जवाफ दिइरहेको पनि उनले उल्लेख गरेका छन्। उनले पाकिस्तानलाई स्थितिलाई गम्भीरता र जिम्मेवारीका साथ सम्बोधन गर्न पनि आग्रह गरेका छन्।


UNILEVER NEPAL LIMITED

# Unilever Nepal Limited

## Statement of Financial Position As at 31 Chaitra 2081 (Unaudited)

(NRs In Lakhs)

| Particulars | 3rd Qtr. 2081-82 | 3nd Qtr. 2080-81 |
|---|---|---|
| **ASSETS** | | |
| **Non-Current Assets** | | |
| Property, plant and equipment | 15,457 | 15,340 |
| Intangible assets | 4 | 7 |
| Right of use Assets -Lease | 1,520 | 2,960 |
| Deferred tax assets | 259 | 323 |
| **Total Non-Current Assets** | **17,241** | **18,630** |
| **Current Assets** | | |
| Inventories | 11,397 | 9,860 |
| Trade and other receivables | 12,176 | 12,930 |
| Investments in Fixed Deposit | 18,039 | 15,792 |
| Prepayments | 117 | 118 |
| Cash and cash equivalents | 8,292 | 8,714 |
| Current Tax Assets | - | 209 |
| **Total Current Assets** | **50,021** | **47,622** |
| **Total Assets** | **67,262** | **66,252** |
| **EQUITY AND LIABILITIES** | | |
| **Equity** | | |
| Share capital | 921 | 921 |
| Retained earnings | 46,494 | 42,600 |
| **Total Equity** | **47,415** | **43,521** |
| **Liabilities** | | |
| **Non Current Liabilities** | | |
| Lease Liabilities | 1,392 | 1,985 |
| Provisions | - | 15 |
| **Total Non Current Liabilities** | **1,392** | **2,000** |
| **Current Liabilities** | | |
| Trade and other payables | 16,497 | 18,442 |
| Lease Liabilities | 643 | 1,253 |
| Provisions | 959 | 1,036 |
| Current Tax Liability | 355 | - |
| **Total Current Liabilities** | **18,454** | **20,731** |
| **Total Liabilities** | **19,847** | **22,731** |
| **Total Equity and Liabilities** | **67,262** | **66,252** |

Previous year's figures have been regrouped whenever necessary.

## Statement of Profit & Loss For the Quarter ended Poush 2080 (Unaudited)

(NRs In Lakhs)

| Particulars | 3rd Qtr. 2081-82 | 3rd Qtr. 2080-81 |
|---|---|---|
| Revenue from operations | 19,665 | 19,955 |
| Other income | 608 | 732 |
| **TOTAL INCOME** | **20,273** | **20,687** |
| EXPENSES | | |
| Cost of materials consumed | 8,665 | 8,981 |
| Employee benefits expenses | 1,482 | 1,527 |
| Depreciation and amortisation expenses | 743 | 719 |
| Finance Cost | 65 | 97 |
| Other expenses | 3,200 | 3,213 |
| **TOTAL EXPENSES** | **14,154** | **14,538** |
| **Profit before tax** | **6,119** | **6,149** |
| Income Tax Expense | 1,297 | 1,288 |
| **Profit from continuing operations** | **4,822** | **4,861** |
| **Net Profit for the Quarter** | **4,822** | **4,861** |

Previous year's figures have been regrouped whenever necessary.

Annexure 14:
(Related with Rule 26 (1))
Unilever Nepal Limited has articulated its purpose as,
**"To earn the love and respect of Nepal by making a real difference to every Nepali."**
The company intends to do this by driving our brands and business to create a 'Swastha' and 'Saksham' Nepal.

**1. Financial Statements**

**a) Third Quarter Balance Sheet and P&L Account**

Profit & Loss A/C for 3rd Quarter of 2081-82 and the corresponding Balance Sheet are attached. Data provided for the 3rd Quarter is for period Magh to Chaitra this year & comparative for last year.

There have been no material related party transactions, pecuniary transaction or relationship between Unilever Nepal Ltd. and its Directors for the period ended on Chaitra 2081 that may have a potential conflict with the interests of the company at large.

**b) Earnings Per Share, P/E Ratio, Net worth per share and ratio of liquidity.**

**- Earnings Per Share:**

-For the 3rd Qtr. of Year of 2081-82 is Rs 524 (Rs 2,074 annualized) against Rs 528 (Rs 2,202 annualized) of previous year same period..

**- P/E Ratio:** (Based on closing price at NEPSE as on Chaitra end and EPS for last 4 quarters)
-Current Year (3rd Qtr.) 21.12 & Previous Year (3rd Qtr.) 18.37

**Net worth Per Share:**
- Current Year (3rd Qtr.) Rs. 4,593 & Previous Year (3rd Qtr.) Rs. 3,162.

**-Ratio of liquidity:**
- Current Year (end of 3rd Qtr.) 2.71 against of 2.31 for end of 3rd Qtr. of previous year.

**2. Analysis of Management**

a) The company's revenue from operations for the current quarter is Rs. 1,967 million, and the revenue for the 3rd Qtr. declined by 1.46%, driven by under performance in the Personal Care (PC) and Home Care (HC) segment in UNL. UNL continues to experience growth momentum in its premium skin and hair care categories that belong to the Beauty & Wellbeing (B&W) segment.

b) Net Profit for the current quarter remains at Rs. 482 million, -0.81% lower than last quarter and has been prudently managed with our product mix sales, internal savings program and proactive price vs. cost ratio management, despite the headwinds of volume deleverage, lowered interest income in bank fixed deposits.

**3.** During the period under reference no case has been filed either by the corporate body or against the corporate body in the name of any Director/Promoter of the company.

**4. Analysis of the share transaction of the corporate body:**

a) Dealing of our company's share is the prerogative of the Nepalese public. We however prefer to focus on company's performance, i.e., on the top line & bottom-line growth of the company.

b) Share transaction details as taken from the NEPSE Website for the last 60 days are mentioned below:

Maximum Price: Rs 47,400
Minimum Price: Rs 44,600
Closing Price: Rs 46,603

Total transaction days: 60 Days
Transaction Nos.: 3,114 Shares

**5. Problems & Challenges**

The migrating population leading towards a lower consumption base, lowered consumer spending and downgrading usage and the liquidity crunch in trade remains key headwind in managing the short and medium term for our business here in Nepal. We expect the current slowdown to ease with higher government spending and private sector investments which will be pivotal in resuming economic growth.

We as UNL remain committed to serve the Nepali consumers and remain closer to their needs. We will prudently deploy our portfolio, enhance choices in positive consumer sentiment which in return will lead to enhance our business result. As a result, recently we have taken steps to locally manufacture more products in the B&W and PC segments in our manufacturing facility located in Hetauda. Our focus for the next quarters remains to boost volumes and incentivize consumers to grow their loyalty towards our brands which provide value propositions. We remain positive and expect these investments will be our competitive advantage and yield towards the growth momentum in the long run.

**6.** The company believes in the highest standards of corporate behavior which are laid out through a written Code of business principles for transparency & all statutory/legal compliance by the company, its redistribution stockiest, suppliers, transporters, contractors, and other business partners with whom the company associates through its operations. The management has achieved good governance and responsible management practices which are benchmarked to the best managed global companies.

I take full responsibility of the facts, data and information which have been mentioned in the report till today and submitted with the report. I declare that as per my knowledge all the details and information of this report are true, factual, and full and we did not hide any details, notice, information which are required by the investors to take their decision.

On behalf of Unilever Nepal Limited
**Amlan Mukherjee**
**Managing Director**